# धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धित विवरण

१. **सञ्चालक समितिको वार्षिक प्रतिवेदन :**
सम्बन्धित शीर्षक अन्तर्गत राखिएको ।

२. **लेखापरीक्षकको प्रतिवेदन :**
सम्बन्धित शीर्षक अन्तर्गत राखिएको ।

३. **लेखापरीक्षण भएको वित्तीय विवरण :**
सम्बन्धित शीर्षक अन्तर्गत राखिएको ।

४. **कानुनी कारवाही सम्बन्धी विवरण :**

क) **त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए:**
बैंकको आफ्नो दैनिक व्यवसायीक कारोबारको सिलसिलासँग सम्बन्धित मुद्धा मामिलाहरु बाहेक बैंकलाई अतिरिक्त वित्तिय व्ययभार हुने किसिमका मुद्धा मामिलाहरु नभएको ।

ख) **संगठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको बिरुद्ध प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए:**
यस्तो कुनै जानकारी प्राप्त नभएको ।

ग) **कुनै संस्थापक वा सञ्चालक बिरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए:**
यस्तो कुनै जानकारी प्राप्त नभएको ।

५. **संगठित संस्थाको शेयर कारोवार तथा प्रगतिको विश्लेषण :**

(क) **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :**
मुलुकको वर्तमान आर्थिक, सामाजिक एवं राजनीतिक गतिविधिहरुलाई विश्लेषण गरी हेर्दा शेयरको उक्त कारोबार समय सापेक्ष तथा सन्तोषजनक रहेको छ ।

(ख) **गत वर्षको प्रत्येक त्रैमासिक अवधिमा संगठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कुल कारोबार शेयर संख्या र कारोबार दिन :**

शेयर कारोवार सम्बन्धी त्रैमासिक विवरण तलको तालिकामा उल्लेख गरिएको ।

| त्रैमासिक विवरण | शेयरको अधिकतम मूल्य (रु.) | शेयरको न्यूनतम मूल्य (रु.) | शेयरको अन्तिम मूल्य (रु.) | कुल कारोबार शेयर सङ्ख्या | कुल कारोबार दिन |
|---|---|---|---|---|---|
| प्रथम त्रैमास (असोज मसान्त २०७३) | ६१५ | ४०३ | ४५५ | १,९२९,५०० | ५५ |
| दोस्रो त्रैमास (पौष मसान्त २०७३) | ४७१ | ३१४ | ३३४ | ५९१,५२१ | ५७ |
| तेस्रो त्रैमास (चैत्र मसान्त २०७३) | ४३७ | २५५ | ३८३ | १,२९९,४९९ | ५८ |
| चौथो त्रैमास (आषाढ मसान्त २०७४) | ४१७ | २८३ | २९० | ८८४,९१३ | ५७ |

६. **समस्या तथा चुनौती:**

**(क) आन्तरिक समस्या तथा चुनौती:**
बैंकको संचालन खर्च वृद्धि हुँदै जानु, व्याजदर उतार चढाव तथा शाखाहरुको वृद्धि संगसंगै सञ्चालन जोखिम व्यवस्थापन चुनौतीपूर्ण हुनु जस्ता आन्तरिक समस्या रहेको विद्यमान परिप्रेक्ष्यमा बैंकले दिगो रुपमा मुनाफा वृद्धि गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

**(ख) बाह्य समस्या तथा चुनौती :**

बैंकिङ्ग क्षेत्रमा तीव्र प्रतिस्पर्धा, बजारमा आवश्यक लगानी योग्य रकमको अभाव, लगानी योग्य क्षेत्रको अभाव, बैकिङ्ग क्षेत्रमा दक्ष जनशक्तिको अभाव, लगानी मैत्री वातावरण तथा आद्यौगिक तथा व्यापारिक क्षेत्रमा श्रम समस्यामा केही सुधार आएता पनि लगानीकर्ताको मनोवल अझै उच्च भै नसक्नु, सरकारी विकास खर्च अत्यन्त न्युन हुनु, विदेशी विनिमय बजारमा आएका उतार चढाव प्रक्षेपण गरे अनुरुप नहुनु लगायत प्रमुख बाह्य समस्या हुन् । यस्ता समस्या विद्यमान रहेको अवस्थामा बैंकको कारोबार दिगो रुपमा विस्तार गरी सम्पत्तिको गुणस्तर कायम राखी लगानीकर्तालाई उचित प्रतिफल दिने कार्य चुनौतीपूर्ण रहेको छ ।

**(ग) त्यस्ता समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापकले अवलम्बन गरेको रणनीति :**

बैंक कर्मचारीहरुको कार्यदक्षता तथा क्षमता वृद्धि गर्न तालिम तथा दक्षता वृद्धिका लागि कार्यहरु गर्ने ।

- सहि ठाउँमा मात्र मितब्ययी रुपमा खर्च गर्ने ।
- निष्क्रिय कर्जा व्यवस्थापन गर्दै कर्जा विविधिकरण गर्ने ।
- कारोबारमा रहेको जोखिमहरुलाई न्युनिकरण गर्न उचित कार्य योजना तयार गर्ने ।

**७. संस्थागत सुशासन :**

आफ्नो सम्पूर्ण कारोवारमा पारदर्शिता तथा निष्पक्षता कायम गरी नियमनकारी निकायबाट जारी हुने नीति, नियम तथा निर्देशनलाई अनुपालना सहित संस्थागत सुशासन कायम राख्न सञ्चालक समिति तथा व्यवस्थापन सधैं प्रतिवद्ध रहेको छ । आन्तरिक लेखापरीक्षण विभागलाई बैंकको गैरकार्यकारी सञ्चालकको संयोजकत्वमा गठित लेखापरीक्षण समितिको मातहत राखी स्वतन्त्रतापूर्वक आन्तरिक नियन्त्रण तथा नियमनको काम कारवाहीहरू सम्पादन गर्न सक्ने वातावरण मिलाइएको छ ।

बैंकमा नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायबाट जारी हुने नीति निर्देशनहरुको सजगताकासाथ समयमा नै कार्यान्वयन गर्न बैंक भित्र विभिन्न संयन्त्रहरु रहेको र संस्थागत सुशासनलाई बैंकले आफ्नो प्रत्येक गतिविधिको अभिन्न अङ्गको रुपमा विकास गरेको छ । बैंकमा संस्थागत सुशासन कायम राख्ने मुख्य जिम्मेवारी सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृतमा रहेको छ ।

**८. विवरणपत्रमा प्रक्षेपण गरिएको र लेखापरीक्षण भएको विवरणहरुमा बीस प्रतिशत वा सो भन्दा बढी फरक सम्बन्धी विवरण :**

यस बैंकले हकप्रद जारी गर्ने बेला कायम शेयर पूँजी रु. चार अर्व एकहत्तर करोड पैंतिस लाख चौंसाठ्ठी हजार दुई सय तेह्रको ४० प्रतिशत अर्थात् रु. एक अर्ब अठासी करोड चौवन्न लाख पच्चीस हजार सात सय बराबरको प्रति शेयर रु. १००/–अंकित दरका हकप्रद शेयर निष्काशन गर्दा प्रस्तुत विवरण पत्रको प्रक्षेपणमा बैकिङ्ग क्षेत्रमा हुने व्यापार वृद्धिदरमा आधारित भएको र समीक्षा वर्षमा समग्र बैंकिङ्ग क्षेत्रको तरलतामा पर्न गएको चापको कारण लगानी योग्य रकमको अभाव हुन गएको र सोको कारण निक्षेपको व्याजदर अत्याधिक वृद्धि हुन गएको साथै, बैंकले साविकको इन्नोभेटिभ डेभलपमेन्ट बैंक लिमिटेड, अरनिको डेभलपमेन्ट बैंक लिमिटेड र सगरमाथा फाइनान्स लिमिटेडलाई प्राप्ती (एक्विजिशन) गरेको हुनाले वासलात र नाफा नोक्सानका केही सूचाङ्कहरु प्रक्षेपणको तुलनामा २० प्रतिशत भन्दा बढी फरक पर्न गएको छ :

## वासलात

रु. हजारमा

| पूँजी तथा दायित्व | प्रक्षेपित वित्तीय विवरण | लेखापरीक्षण भएको वित्तीय विवरण | फरक % | २० % भन्दा बढी पर्नुको कारण |
|---|---|---|---|---|
| १. शेयर पूँजी | ८,०३१,४३४ | ५,७७४,१८४ | (२८.११) | समयमा हकप्रद शेयर जारी नभएकोले । |
| २. जगेडा तथा कोषहरु | ३३५,६२० | ५२१,२९० | ५५.३२ | नगद लाभांश तथा बोनस शेयर प्रस्ताव गरिएको र प्राप्तीको कारणले । |
| ३. ऋणपत्र तथा वण्ड | | ० | | |
| ४. तिर्न बाँकी कर्जा सापट | | १२,८५७ | | दायित्वको स्वरुपमा परिवर्तनका कारण |
| ५. निक्षेप दायित्व | ४६,३४८,५५२ | ४२,५९३,६५४ | (८.१०) | |
| ६. भुक्तानी दिनु पर्ने विलहरु | | ६५,२२४ | १०० | नियमित कारोवारको सिलसिलामा भएका विलहरु |
| ७. प्रस्तावित नगद लाभाँश | ३८२,४४९ | ३८३,९७३ | ०.४० | |
| ८. आयकर दायित्व | | | | |
| ९. अन्य दायित्व | ५८४,८२६ | ७०६,६१२ | २०.८२ | कारोबारमा भएको बृद्धिको कारण । |
| **कुल पूँजी तथा दायित्व** | **५५,६८२,८८२** | **५०,०५७,७९४** | | |

| सम्पत्ति | प्रक्षेपित वित्तीय विवरण | लेखापरीक्षण भएको वित्तीय विवरण | फरक % | २० % भन्दा बढी पर्नुको कारण |
|---|---|---|---|---|
| १. नगद मौज्दात | १,३९०,४५७ | १,४८३,२५७ | ६.६७ | |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ६,९५२,२८३ | ४,१४२,८२१ | (४०.४१) | सम्पत्तिको स्वरुपमा परिवर्तनका कारण । |
| ३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | २,३१७,४२८ | २,३४८,४४५ | १.३४ | |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | १,८३१,२५३ | | १०० | सम्पत्तिको स्वरुपमा परिवर्तनका कारण । |
| ५. लगानी | १,३६१,९६० | १,९७२,३३८ | ४४.८२ | कारोबारमा भएको बृद्धिको कारण । |
| ६. कर्जा सापट तथा विल्स खरीद | ३९,६१५,२२० | ३८,८७१,१०० | (१.८८) | |
| ७. स्थिर सम्पत्ति (खूद) | ७०७,९३३ | ३५५,५५२ | (४९.७८) | शाखा सञ्चालन तथा कारोबारमा भएको कमीको कारण । |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | | | | |
| ९. अन्य सम्पत्ति | १,५०६,३५० | ८८४,२८१ | (४१.३०) | सम्पत्तिको स्वरुपमा परिवर्तनका कारण । |
| **कुल सम्पत्ति** | **५५,६८२,८८२** | **५०,०५७,७९४** | | |

## नाफा / नोक्सान हिसाब

| विवरण | प्रक्षेपित वित्तीय विवरण | लेखापरीक्षण भएको वित्तीय विवरण | फरक % | २० % भन्दा बढी पर्नुको कारण |
|---|---|---|---|---|
| १. ब्याज आम्दानी | ३,५१५,०७४ | ३,१२०,०२० | (११.२४) | |
| २. ब्याज खर्च | २,१४७,१६७ | १,९८०,२८८ | (७.७७) | |
| **खुद ब्याज आम्दानी** | **१,३६७,९०७** | **१,१३९,७३३** | | |
| ३. अन्य सञ्चालन आम्दानी | ४४१,०४० | ३५२,५८२ | (२०.०६) | आम्दानीमा आएको कमीको कारण । |
| ४. कर्मचारी तथा अन्य सञ्चालन खर्च | ६५०,३७० | ६२७,७७४ | (३.४७) | |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | **१,१५८,५७७** | **८६४,५४१** | | |
| ५. सम्भावित नोक्सानी व्यवस्थाहरु | २०३,१९१ | ६६,८९६ | (६७.०८) | निक्षेप तथा कर्जामा भएको स्वभाविक कमीको कारणले |
| **सञ्चालन मुनाफा** | **९५५,३८६** | **७९७,६४४** | | |
| ६. गैर सञ्चालन आम्दानी / खर्च | १२,६३० | ९,०८५ | (२८.०७) | गैर सञ्चालन आम्दानी आएको कमीको कारण । |
| ७. कर्मचारी बोनस व्यवस्था | ८८,००१ | ७३,३३९ | (१६.६६) | |
| ८. आयकर व्यवस्था | २६४,००४ | २३२,०२४ | (१२.११) | |
| **खुद नाफा / नोक्सान** | **६१६,०१०** | **५०१,३६६** | | |
| शेयर संख्या (रु. हजारमा) | ७६,४९० | ५४,६०६ | | |
| **प्रति शेयर आम्दानी** | ८.०५ | ९.१८ | | |

९. **नियम २२ को उपविनियम (५) सँग सम्बन्धित विशेष घटना वा परिस्थिति सम्बन्धी विवरण आर्थिक वर्षको अवधिमा उल्लेख भए अनुसारको विशेष घटना वा परिस्थिति सृजित भएको भए निम्न विवरणहरु समावेश गर्ने :**
**विशेष घटना वा परिस्थिति सृजित भएको मिति : नभएको ।**

**घटना वा परिस्थितिको विस्तृत विवरण र बोर्डमा सूचना पेश भएको मिति : नभएको ।**